म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २३४ २०८० साउन ४ गते बिहीबार 20 July 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

जंगली च्याउहरू विषालु पनि हुन सक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।
खेती गरेर उमारेर च्याउ खाने गरौं ।
जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## रोम विधान अनुमोदन गर्न इन्सेकद्वारा प्रधानमन्त्रीलाई ज्ञापनपत्र

समाज संवाददाता

हेटौँडाः रोम विधान अनुमोदन गर्न ध्यानाकर्षण गराउँदै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बागमती प्रदेश कार्यालयले अन्तराष्ट्रिय न्याय दिवसको अवसरमा बुधबार प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । इन्सेकका संयोजक गणेश भण्डारीले मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउनुभएको हो ।

प्रमुख जिल्ला अधिकारी सेढाईले ज्ञापनपत्र प्रधानमन्त्रीको कार्यालय पठाइने र जिल्लामा मानव अधिकार उल्लंघन हुन नदिनेतर्फ सरकार सचेत रहेको बताउनु भयो । इन्सेक बागमती प्रदेश संयोजक भण्डारीले देशमा व्याप्त दण्डहीनताको अन्त्यका लागि पनि राष्ट्रले रोम विधानमा हस्ताक्षर गरी पक्ष राष्ट्र हुन ढिलो भइसकेको बताउनु भयो । उहाँले रोम विधान पारित भएको दिनलाई स्मरण गर्दै नेपाल सरकारलाई रोम विधानको पक्ष राष्ट्र हुनका लागि दवाव दिने उद्देश्यले विगत १७ वर्षदेखि ज्ञापनपत्र बुझाउँदै आएको समेत प्रमुख जिल्ला अधिकारी सेडाईलाई जानकारी गराउनु भयो ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाका लागि रोम विधान पारित गरिएको दिन १७ जुलाईको स्मरणमा नेपालमा पनि अन्तर्राष्ट्रिय न्याय दिवस मनाइँदै आएको छ । अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान संसारका १ सय २३ राष्ट्रले अनुमोदन गरिसकेको तर नेपाल हालसम्म अन्तर्राष्ट्रिय फौजदारी अदालत रोम विधानको पक्ष राष्ट्र नभएको भन्दै सरकारको ध्यानाकर्षण गराइएको हो । सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउन पनि अन्तर्राष्ट्रिय फौजदारी अदालत (रोम विधान) लाई नेपालले अनुमोदन गर्नुपर्ने भन्दै अधिकारकर्मीहरूले लामो समयदेखि आवाज उठाउँदै आएका छन् ।

ज्ञापनपत्रमा पुनःस्थापित प्रतिनिधिसभाले २०६३ साउन ९ गते नेपाल सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको (रोम विधान) अनुमोदन गर्न निर्देशनात्मक आदेश जारी गर्दै सर्वसम्मत रूपमा संकल्प प्रस्ताव पारित गरेको तथ्यलाई समेत स्मरण गराइएको छ । साथै मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाका समयमा समेत पटक-पटक रोम विधान पारित गर्न प्राप्त भएका सुझावहरूको कार्यान्वयन गराउनसमेत ज्ञापनपत्रमा ध्यानाकर्षण गराइएको छ ।

तत्कालीन परराष्ट्रमन्त्री उपेन्द्र यादवले २०६५ माघ २९ गते रोम विधान तत्काल अनुमोदन गर्नुपर्ने एजेण्डा क्याबिनेटमा प्रस्तुत गर्नु भएको पक्षलाई पनि पुनःस्मरण गर्दै नेपाल सरकारको तर्फबाट अन्तर्राष्ट्रिय फौजदारी अदालत (रोम विधान) अनुमोदन गरी अन्तर्राष्ट्रिय कानुनको सम्मान प्रकट गर्न इन्सेकले ज्ञापन पत्रमार्फत् आग्रह गरेको छ ।

## लागूऔषध निट्राभेटसहित एकजना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागूऔषध निट्राभेटसहित एकजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका-३२ का २२ वर्षीय साकिर अंसारी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो। मंगलबार दिउँसो ३ बजेर ४० मिनेटको समयमा प्रहरी चौकी रातामाटेबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१५, रातोमाटे चेकपोष्टस्थित सडकमा सवारी साधनहरु रोकी सुरक्षाजाँच गर्ने क्रममा अन्सारीको साथबाट लागूऔषध बरामद गरेको हो । वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको बा ५ ख ६५७२ नम्बरको यात्रुवाहक माइक्रोमा सवार अंसारीको साथबाट ३० ट्याब्लेट लागूऔषध निट्राभेट फेला पारेको प्रहरीले जनाएको छ । उक्त लागूऔषधसहित अंसारीलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको जनाइएको छ।







नोटः यसै शैक्षिक सत्रदेखि फुर्केचौर, हटिया, कमाने र पदमपोखरी क्षेत्रमा यातायातको सुविधा सञ्चालन गरिएको सहर्ष जानकारी गराइन्छ ।




हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७ :00 बजेदेखि बेलुका ७ :00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!



# सम्पादकीय

## अनुगमन र कारबाही बढाऔं

हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणाको तयारी भइरहेको छ । आगामी मंसिरसम्म बालमैत्री घोषणा गर्नेगरी हेटौंडा उपमहानगरपालिकाले आवश्यक कार्य गरिरहेको छ । मंसिर आउन करिब ४ महिना बाँकी रहँदा बालमैत्री घोषणाको अधिकांश सूचक हासिल भएको छैन । हेटौंडा उपमहानगरपालिकामा पहिलदेखि नै समस्याको रुपमा रहेको बालश्रममुक्त गराउन बढी जटिलता देखिएको छ । बालश्रम अन्त्यका लागि नियमित र प्रभावकारी अनुगमन तथा कारबाही सुस्त भइरहँदा बालमैत्री घोषणाका लागि यसैले अप्ठ्यारो पार्ने सम्भावना देखिएको छ । भरखरै सकिएको आर्थिक वर्ष २०७९/०८० मा हेटौंडा उपमहानगर क्षेत्रमा गरिएको अनुमगनबाट बालबालिकालाई श्रममा लगाउने ११ जनालाई कारबाही गरिएको छ । श्रम तथा रोजगार कार्यालय हेटौंडा, हेटौंडा उपमहानगरपालिका, बाल हेल्पलाइनलगायत सरोकारवालाहरुको टोलीले अनुगमन गरी बालश्रमिकलाई काममा लगाउने रोजगारदातालाई कारबाही गरेर ४४ हजार रुपैयाँ राजश्व संकलन गर्नुका साथै ९० हजार रुपैयाँ बालश्रमिकको पारिश्रमिक तिराएको छ ।

हेटौंडा उपमहानगरपालिकाको सबैजसो वडामा बालश्रमको समस्या रहे पनि बजार क्षेत्रका वडाहरुमा बढी समस्या देखिएको छ । हेटौंडाको १, २, ४, ५, १० र ११ नम्बर वडामा धेरै वर्कशप तथा ग्यारेजहरु रहेका कारण त्यहाँ बालश्रमिकको प्रयोग भइरहेको अनुगमनका क्रममा पाइएको छ । यस्तै, राजमार्ग र बजार क्षेत्रका होटलहरुमा पनि बालश्रमिकको प्रयोग भइरहेको भेटिएको छ । गत आर्थिक वर्षमा गरिएको अनुगमनका क्रममा पनि वर्कशप, होटल, कुटानीपिसानी मिलमा काम गर्ने र घरेलु बालश्रमिकको उद्धार गरिएको थियो । करिब एक दशकअघि गैरसरकारी संस्थामार्फत् तत्कालीन हेटौंडा नगर पालिकाले १ देखि ११ नम्बर वडाभित्र गरेको सर्वेक्षणमा ६ सयभन्दा बढी बालश्रमिक पाइएको थियो । त्यस समयमा हेटौंडा नगरपालिकाका विभिन्न वडालाई बालश्रममुक्त घोषणासमेत गरिएको थियो । बालश्रममुक्त घोषणा गरिएकै वडाहरुमा अहिले पनि बालश्रमिकको प्रयोग बढी भइरहेको पाइनुलाई गम्भीररुपमा लिनु आवश्यक छ ।

कानुनीरुपमा दण्डनीय रहेको बालश्रम एक सामाजिक समस्या बनिरहेको छ । बालश्रमकै कारण बालबालिका शिक्षालगायत अधिकारबाट वञ्चित भइरहेका छन् । नेपालको संविधान २०७२ को मौलिक हकअन्तर्गत्को बालबालिकासम्बन्धी हकले बालबालिकालाई श्रममा लगाउन नपाउने व्यवस्था गरेको छ । बालबालिकासम्बन्धी ऐन तथा नियमावलीले पनि बालश्रमलाई दण्डनीय मानेको छ । बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६ ले १४ वर्षभन्दा कम उमेरका कसैलाई पनि कुनै पनि काममा लगाउन निषेध गर्नुका साथै बालश्रममा लगाउनेलाई दण्ड तथा जरिवानाको व्यवस्था गरेको छ । यसरी बालश्रमलाई संविधानदेखि विभिन्न कानुनले दण्डनीय बनाएको भए पनि व्यवहारमा बालबालिका विभिन्न प्रकारका श्रममा संलग्न भइरहेकै छन् ।

बालश्रम अन्त्यका लागि समय-समयमा विभिन्न प्रकारका कार्यक्रम भइरहेको र विभिन्न वडालाई बालश्रममुक्त घोषणा गरिएको भए पनि बालश्रमको समस्या उस्तै छ । बालश्रममुक्त बनाउन गरिएका विभिन्न सचेतनामूलक तथा दबावमूलक कार्यक्रमले बालबालिकालाई श्रमिकको रुपमा राख्ने क्रममा केही कमी आएको भए पनि बालश्रम पूर्णरुपमा हट्न सकेको छैन । बालश्रममुक्त घोषणा गरेपछि सरोकारवाला निकायले नियमित अनुगमन नगर्दा बालश्रममुक्त कागजमै सिमिति बनेको हो । आक्कलझुक्कल हुने गरेको नियमनकारी तथा सरोकारवालाको अनुगमन र रोजगारदातालाई सामान्य कारबाहीले बालश्रमबारे सचेतना वृद्धि गर्नेबाहेक खासै प्रभावकारिता हासिल भएको छैन । अनुगमनका क्रममा उद्धार गरेर परिवारको जिम्मा लगाइएका बालबालिका फेरि श्रममा फर्कने क्रम रोकिएको छैन । तराईका विभिन्न जिल्ला तथा छिमेकी देश भारतका बालबालिकासमेत हेटौंडामा श्रममा सक्रिय रहेकाले बालश्रम अन्त्य थप चुनौतीपूर्ण बनिरहेको छ । नियमनकारी निकायले अनुगमन तिब्र बनाएर रोजगारदातालाई कडा कारबाही नगरेसम्म बालश्रम अन्त्य सम्भव देखिँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : लगनशील बन्नाले काममा पूर्णता प्राप्त होला ।
**वृष** : पारिवारीक जमघट बढ्ने समय योग रहेको छ ।
**मिथुन** : नयाँ जानकारी र समाचारहरु प्राप्त गर्न सकिएला ।
**कर्कट** : सवारी साधन र हातहतियारबाट बच्दा राम्रो ।
**सिंह** : परोपकारजन्य काममा सरिक भइने समय योग छ ।
**कन्या** : व्यापार- व्यवसाय मध्यमकारक रहने समय छ ।
**तुला** : कार्यक्षेत्रमा विशेष चुनौति सामना गर्नुपर्ला ।
**वृश्चिक** : आफन्तहरुको चित बुझाउन कठिन पर्ला ।
**धनु** : बिचार र धारणालाई तौलेर काम गर्दा राम्रो ।
**मकर** : सावधानीले हरेक काम गर्दा लाभप्रद हुन्छ ।
**कुम्भ** : पठनपाठनको क्षेत्रमा समस्या योग बन्ला ।
**मीन** : राम रमाइलोमा समय व्यतित हुने समय छ ।

# नेताजीहरु हो ! साहित्यमा आउनुस्, स्वागत छ !



डा. नवराज लम्साल



कार्यक्रम थियो चिजकुमार श्रेष्ठको पुस्तक विमोचन । प्रमुख अतिथि थिए कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा । कुरा किताबको थियो । आवरण साहित्यको तर पूर्ण राजनैतिक कार्यक्रम । यसो हुनुको कारण: चिजकुमार श्रेष्ठ पुराना राजनीतिकर्मी हुन् । उनले २०४८ र २०५१ मा दुई पटक कांग्रेसको चुनावी टिकट पाए । दुवै पटक पराजित भए ।

२०३७ सालमा जनमतसङ्ग्रह हुँदा बहुदलको प्रचारप्रसारका निम्ति गठित जिल्ला समिति धादिङका उनी संयोजक थिए । उनैले अगुवाइ गरेर बीपी कोइराला र गणेशमान सिंहलाई धादिङ पुऱ्याए र कुनै दिन गिरिजाप्रसाद कोइरालालाई नुवाकोटबाट धादिङको विकट बस्ती किन्ताङ हुँदै हिंडाएर धादिङबेंसी ल्याए र ट्याक्टर चढाएर मलेखु ओराले ।

धेरैलाई कांग्रेस बनाए तर आफैंले बनाएको कांग्रेस उनी आफैंलाई काम लागेन, उनले दुई पटक चुनाव हारे । उनको किताबमा अधिकांश यही र यिनै कथा छन् । यो उनको आत्मसंस्मरणात्मक आलेखन हो । यो कार्यक्रम काठमाडौंको थियो ।

अब अरु दुई कार्यक्रमको समेत प्रसङ्ग जोडौं ।

केही दिनअघि चितवनमा यस्तै एउटा विमोचन कार्यक्रम थियो । लेखक कैलाश कोइराला र उनको पुस्तक राजव्यूह । यो उपन्यास हो । विमोचनको मञ्च राजनीतिकर्मीहरुले भरिभराउ थियो । कोइराला आफैं राजनीतिकर्मी । चितवन कांग्रेसको पूर्व उपसभापति र अहिले बागमती प्रदेशका एक नेता ।

झण्डै दशक लामो कीर्तिपुर बसाइ र त्यहाँ लामो समय नेवि संघ एकाइको सभापति । अघिल्लो अधिवेशनमा चितवन कांग्रेसको सभापति पदको प्रत्यासी र पराजित । राजनीतिमा गहिरो हुटहुटी र निकास नदेखिए नदेखिए जस्तो । उनीभित्र दार्शनिक चेत र अध्ययनको आधार भने अलि बढी नै देखिने ।

उनले उपन्यास लेखे । त्यही उपन्यासको विमोचन कार्यक्रम । त्यहाँ साहित्य कम, राजनैतिक चर्चा अलि बढी । चितवनका सबै पार्टीका 'भेट्रान' भनिएकाहरु र प्रदेशका सांसद र मन्त्रीको समेत उपस्थिति । त्यसैका लागि मकवानपुरदेखि इन्द्र बानियाँ समेत आएका । उनी पनि किताबमै शीतलता खोज्दैछन् कि जस्तो ।

नेताहरुले वचनको पालना गरेको भए अघिल्लो प्रदेश संसदबाटै बानियाँ मुख्यमन्त्री हुन्थे र उनैका अनुसार उनले टिकट दिएर सघाएकाहरुले मात्रै सघाइदिएको भए उनी पनि बागमती प्रदेश कांग्रेस संसदीय दलको नेता हुन्थे । यसो हुनु भनेको वैटिङ मुख्यमन्त्री तर त्यसो हुन सकेन ।

उनले नदेखाए पनि उनी भित्री तहमा एक प्रकारको आहत बोकेरै विमोचनमा मिसिन आएका थिए कि जस्तो लाग्ने । विमोचन समारोहको संयोजन गरिरहेका सम्पूर्ण किताबका लेखराम सापकोटाले पहिल्यै खुसुक्क भनेका थिए, 'यो साहित्यिक कार्यक्रम हो तर नेताहरुको बाक्लो उपस्थिति हुनेछ । तपाईंले अलि लामै र साहित्यिक कुरा गर्नुपर्नेछ ।'

भयो पनि त्यस्तै । समालोचक उदय अधिकारीबाहेक सबै वक्ता राजनीतिकर्मी ।

लेखक कैलाश कोइरालाजी युवामाझ तुलनात्मक रुपमा बढी लोकप्रिय । उत्साही र अध्ययनशील । सभापति हारे, चुनावमा टिकट मिलेन । भाइ पुस्ताले औपचारिक कार्यक्रमअघि नै एअरपोर्टदेखि कार्यक्रमस्थलसम्म उनकै विषयमा मलाई जानकारी गराइरहेका थिए । कारण कोइरालाजीसँग मेरो यो भेट पहिलो थियो ।

चर्चित कथा संगालो कुमाता र मोम्चोका लेखक वसन्त पराजुलीले सुनाएका थिए, दाजु विकास कोइरालाको विद्रोहको छायामा परे कैलाश । फलाना दाइको भाइ भनियो । यो कोणबाट चाहिं उनीमाथि अन्याय नै भएको हो । न्याय अन्यायको यही शून्य जस्तो समयलाई चिरेर उनी लेखनमा आएका हुन् ।

उनका पिताजी मनोहरि कोइराला पञ्चायत विरोधी आन्दोलनमा थिए । त्यहीबेला एउटा राजनीतिक समूहले उनको घर जलाइदियो । हुर्कंदै गर्दा बालादिनमा बेघर जस्तो भएर हुर्के कैलाशहरु । फरक-फरक दलमा रहेका जिल्लाका अरु नेताहरु पनि भनिरहेका थिए- लेखनले लामो समय बचाउँछ । कैलाश लेख्न नछोड्नू । प्रश्न अनुत्तरित थियो ।

राजनीतिले किन मान्छेलाई बचाउँदैन वा राजनीति गरेर इतिहासमा बाँचिन्छ भन्ने विश्वास किन मर्दै गएको छ ? चिजकुमार श्रेष्ठले आफ्नो कथा आफैं लेखेझैं उपन्यासको बाटो भएर पिता पुस्ताको दु:खसुख र आफ्नै पुस्ताको राजव्यूहको सन्दर्भलाई कैलाशले आख्यानीकरण गरेर सुरक्षित गरेका छन् तर उनलाई त्यही पार्टीको मूल ढङ्गामा पिताजीको इतिहास सुरक्षित होला जस्तो लाग्दैन ।

उनका अशक्त पिताजी त्यस दिन छोराकै पुस्तक विमोचनमा समेत आउन सकेनन् । आमा पनि बिरामी पतिलाई औषधि खुवाउन भनेर कार्यक्रमको बीचैबाट उठेर गइन् । त्यसपछि भने कोइरालाले झन् शून्य महसुस गरे ।

अर्को प्रसङ्ग त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको । विद्यार्थीमाथि जबर्जस्त एउटा आरोप छ, यी उद्दण्ड छन् । अराजक छन् । प्राध्यापक कुट्छन् र पुस्तकालयमा आगो लगाउँछन् । सबै विद्यार्थी त्यस्ता छैनन् तर यी सिर्जनशील छैनन् वा हुँदैनन् भन्ने आरोप पुरानै हो ।

केही हदसम्म यी आरोपको खण्डन हुने गरी स्ववियुले भानुजयन्तीमा खुला कविता प्रतियोगिता आयोजना गऱ्यो । पहिलो चरणबाट छनोटमा परेका २० जना कविले दमदार कविता सुनाए । कवितामा समयको स्वर भनेर कवितामाथि मज्जाको बहस चलाए ।

विद्यार्थी युनियनले आयोजना गरेको कवितामाथिको बहस । निकै सिर्जनशील देखियो, सुनियो । स्ववियुले संस्कृत, अङ्ग्रेजी र नेपाली केन्द्रीय विभागका प्राध्यापकहरुसँग अन्तरघुलन गऱ्यो । विचार प्रवाह गऱ्यो र तन्नेरीहरुलाई सोचको एउटा नयाँ बाटो देखायो ।

स्ववियु सभापति श्यामराज ओझाले भने, 'वर्तमानमा साहित्यले उठाइरहेका मुद्दा कस्ता छन्, ती मुद्दा र नेपाली राजनीतिबीच कति समता छ, कति विषमता छ ? हामी जान्न चाहन्छौं र हाम्रा साथीहरूलाई सिकाउन चाहन्छौं ।'

माथिका तीन प्रसङ्गलाई जोडेर हेरौं । चिजकुमार श्रेष्ठलाई जीवनका आरोह-अवरोह सुनाउन किताब चाहियो । कैलाश कोइराला पोखिन किताब चाहियो र विद्यार्थी पुस्ताका नेताहरू साहित्यकारबाटै सुन्न चाहन्छन् कि साहित्यमा समयको मुद्दा कस्तो छ र समयको स्वर के छ ?

श्रेष्ठ पञ्चायत विरुद्ध लडेको पुस्ता, कोइराला २०४६ पछि राजनीतिमा निस्केको पुस्ता र ओझा वर्तमानको समयस्वर पक्रेर भविष्य उठाउन खोजेको पुस्ता । यस आलेखमा यही तीन कार्यक्रम छान्नुको कारण पनि तीन पुस्ताको कुरा गर्नु हो ।

### केही सन्दर्भ पुराना दिनका

वर्तमानमा लेखिएकै छ कस्तो छ ? समयको स्वर कसरी उठेको छ र लेखक अघिअघि र लेखकीय चेतना सहित समाज पछिपछि छ कि समाजले तानेकै रथमा लेखकहरु सवार छन् ? यो फरक समालोचकीय कुरा हो तर मूल कुरा राजनीति र साहित्य कसरी जोडिन्छ भन्ने हो । राजनीतिले साहित्यकारलाई आजसम्म दुरुपयोग मात्रै गऱ्यो र कलाकार साहित्यकारहरुले राजनैतिक जमातलाई सदुपयोग गर्न सकेनन् । किन त ? उत्तर खोजिएकै छैन ।

२०६२/६३ को आन्दोलनमा ठूला नेताको भाषण सुन्नभन्दा कलिलो रुविन गन्धर्वको कसिलो गीत सुन्न मान्छेहरु आउँथे । २०३६/३७ मा बहुदलवादीको चुनावी सभाको रौनकमा सडक कविता आन्दोलनको चमक थियो । २०४६ को स्रष्टा आन्दोलनको सुन्दरता सिर्जना चैत ३ वा स्रष्टा चैत ३० संस्थागत रूपमा सम्झनामै छ ।

रामेश, रायन, मञ्जुल र जीवन शर्माहरूले गाएका गीतको दम तत्तत समयको भाषणभन्दा निकै माथि थिए । गाउँगाउँबाट मान्छे कति उठे, बस्ती बस्तीबाट कति उठे तर ती स्वरले गाउँ बस्ती तरङ्गित पारेकै हो ।

२००४ कै जयतु संस्कृतम् आन्दोलनमा संस्कृतका विद्यार्थीले सडकमा भने,

'के नेवार र पर्वतीयहरू के च्यामे र के ब्रह्मण
हामी हौं सब एक हामीहरूको नेपाल साझा धन ।'

यही भनाइलाई राजनैतिक लिपिमा उतार्न झण्डै सात दशक लाग्यो । मकै पर्व, लाइब्रेरी पर्व आदि हुँदै राल्फा, अस्वीकृत जमात, सिर्जनशील अराजकता, चक्रव्यूह संचेतना, रंगवाद, मुक्त अभियान आदि सन्दर्भ इतिहासको सशक्त पाटो हो । तत्तत समयका स्रष्टाले चरम दु:ख पाए तर तिनकै कर्महरुले समाज ब्युँझाए, चेतना फैलाए र दलहरूले त्यही फैलिएको चेतनाको आलोकमा सत्ताको बल्छी हाने तर नेपाली राजनीति भने साहित्यिक संस्कृति र सांस्कृतिक चेतको राजनैतिक अर्थबोध गर्न भने चुक्दै आएको छ । यसरी चुक्दै आएको छ र त राजनीतिप्रति चरम निराशा र घृणा बढेको छ । दल र तिनका नेताको मुखमा घृणाका छिटा मिसिए जस्तो लाग्छ ।

निष्ठावान् नेताहरूलाई पनि पटके नेता र च्याखे राजनीतिकर्मीले ओझेलमा पारेका छन् । नेताहरु आफैं तिल-चामल भएका छन् । उदेकलाग्दो कुरो त तिल जस्ता चामल जस्ता देखिन्छन् र चामल जस्ता तिल जस्ता !

### समयको स्वर र लेखन

पृथ्वीनारायण शाहको एकीकरण अभियान चल्दा नेपाली कविताको स्वरमा वीररस थियो । सुगौली सन्धिपछि निराश जनता पङ्तिलाई नेपाली कविताले भक्तिधारातर्फ आकर्षित गऱ्यो । त्यही बेला हो रामभक्तिमा भानुभक्तले रामायण लेखेका ।

राणाको दबदबा चलिरहँदा र मकै पर्वको घटनासम्म आइपुग्दा समाज र राजनीति लेख्न नपाएका कविले शृङ्गार लेखे । शृङ्गारिक कविताधारा खूब चल्यो । २००७ पछिको खुकुलोपन खोसिएपछि २०१७ पछि अमूर्त कविता युग जन्म्यो, जसले जे पढ्यो त्यही बुझ्ने हुने जस्तो । यसरी समय र समाजभन्दा पर साहित्य छैन र थिएन ।

संवेदना गुमाएर लेखिएका अक्षरका चाङ साहित्य हुँदैन तर अहिलेको मूल स्वर के हो त ? अहिलेको संवेदना के हो र समय कुन बाटोमा हिंडिरहेछ ? देशको बहुलता र देशकै चिनारीमा हामी कसरी पोखिएका छौं ? यी कुरा साहित्यकार र समाजका चेतनधारी सबैले थाहा पाइदिए राज्यको मूलप्रवाहलाई समेत काम लाग्न सक्छ ।

### आजको समयस्वर

आज संगत र विसंगतको दोभानमा छ समय । निराशा बढी र आत्मविश्वास कम छ । बिहान उठ्ने बित्तिकै टेक्ने धर्ती फोहोर हुँदै गएको छ । बिहानै पिउने पानी र बालबालिकाले खाने दूधमा मिसावट छ । खाद्यान्नमा मिसावट छ । तरकारी र फलफूल विषादीयुक्त छन् । मानवीय सम्बन्धहरू कमजोर भएका छन् र एउटा मान्छे अर्कोसँग विरोधाभासपूर्ण सम्बन्ध राख्छ ।

नागरिकलाई राज्य लोककल्याणकारी भएको महसुस छैन र वितरण पनि न्यायिक छैन । नागरिकको अभिभावक हुनुपर्ने राज्यको अंग आफैं सेटिङ मिलाएर नागरिकलाई अनागरिक बनाउँछ । भ्रष्टाचारको प्रसङ्ग उठ्दा ठूला-ठूला दलका ठूलै नेतासम्म भुइँचालो पुग्छ । उत्पादन घट्दै र बेरोजगारी बढ्दै छ ।

हरेक परिवर्तनमा कला, गला र सिर्जना लिएर उभिएकाहरु बेखबर छन् र राज्यका सबै तह बाह्रमासे राजनीतिकर्मीकै नियुक्तिले भरिएको छ र एउटा मन्त्री मञ्चमा पुगेर भाषण गर्दा ऊ आफैं मन्त्री भएर बोलिरहेको छ कि कुनै आन्दोलन वा विद्रोहकै मोर्चामा बोलिरहेछ ऊ स्वयंलाई हेक्का छैन । वातावरणको क्षेत्रमा निराशाका सूचकहरू खतराको छेउमै पुगिसके । कवितामा समयको स्वर खोज्ने विद्यार्थीहरू हो, यही हो समयको स्वर ।

### उत्तर बाकी रहेका प्रश्नहरु

कैलाश कोइरालाको राजव्यूह विमोचनमा उनलाई धेरैले प्रश्न गरे साहित्यमा लागेर राजनीति छोड्ने हो कि ? कैलाशले त छोड्छु भनेकै छैन तर नेपाली राजनीतिले कैलाश पुस्तालाई बाटैमा छोडेर अर्कै ढङ्गले हिंड्यो भने कैलाशले मात्रै समातेर समातिन्छ कि समातिन्न ? चिजकुमार श्रेष्ठहरुको पुस्ताको सङ्घर्षपछि चिजकुमारहरुले के पाए पाएनन्, त्यो छोडौं । उनीहरुले स्वतन्त्रता पाए तर तिनका आफ्नै छोराछोरी पुस्ताले के पाए ? उत्तर सजिलो छ, लोकतन्त्र पाए, स्वतन्त्रता पाए ।

लोकतन्त्र र स्वतन्त्रता केवल लोकतन्त्र र स्वतन्त्रताकै लागि हो कि यही बाटो हुँदै समृद्धि ? अनिश्चित भविष्य बोकेर चौबाटोमा उभिएको एउटा तन्नेरीलाई नेपाली राजनीतिले के जवाफ दिन्छ ? मेरो अमूक पार्टीको कार्यकर्ता बन भन्छ कि जीविकाको बाटो देखाउँछ ? जीवन रहे न राजनीति गर्ने हो ।

आजभोलि मनमा जबर्जस्त एउटा प्रश्न आइरहेछ । दुई तिहाइ मतका साथ निर्वाचित प्रधानमन्त्री बीपी कोइराला ८ वर्ष जेल बस्दा उनको राजनीतिक सपना किन लेखेनन् ? उनले नै भन्ने गरेको प्रजातान्त्रिक समाजवादको व्याख्या गरेर किताब किन लेखेनन् ? उनले बनाउन चाहेको नेपाल कस्तो हो ? उनको सपनामा नेपालको कस्तो समृद्धि र सुन्दरता थियो होला, किन लेखेनन् र बाबु आमा र छोरा जस्ता उपन्यास लेखेर किन बसे होलान् ?

उत्तरकै लागि त धेरै उत्तर भेला पार्न सकिएला तर उनको राजनैतिक चिन्तन मजाले खुल्ने गरी एक पुस्तकको अभाव त सत्य हो नि ! बीपी हामीबीच छैनन्, उनलाई सोध्न सकिने कुरा भएन तर सोध्न सकिने भनेको उनकै पार्टीका नेताहरूलाई न हो ।

संयोगले कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा प्रमुख अतिथि रहेकै कार्यक्रममा पुस्तकको समीक्षा गर्दै गर्दा यस पङ्तिकारले एउटा प्रश्न गऱ्यो, 'महामन्त्रीजी बीपीले कुनै कुरामा द्विविधा भए एक मुठी माटो उठाएर सोध्नु माटोले जे भन्छ, त्यही गर्नू भनेथे तर आज उठाउने माटो कुन हो ? बालेनले बढारेको सडकको धुलो हो कि ? कंक्रिटको जंगलमा सिमेन्ट मिसिएको माटो ? अम्लीय माटो हो कि मूल सुकेर खरानी भएको माटो ? कि तपाईंकै पार्टीका कार्यकर्ता झैं दु:खले जेनतेन बचेको सुदूर गाउँको त्यो बूढो पीपल वृक्षको फेदको माटो ?'

कार्यक्रममा अरू धेरै प्रश्नको उत्तर दिनुपरेका कारण महामन्त्रीजीले यस प्रश्नको भने उत्तर दिन भ्याएनन् ।

चिजकुमार श्रेष्ठ, कैलाश कोइराला र श्यामराज ओझाहरूलाई पनि समयले यही प्रश्न सोधिरहने छ । उत्तर जति मसिनो स्वरमा आए पनि वा आउँदै नआए

...बाँकी पृष्ठ ३ मा

# युवा नीतिमा सुझाव संकलन

**समाज संवाददाता**

हेटौँडाः राष्ट्रिय युवा नीतिसम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया बुधबार हेटौँडामा भएको छ। राष्ट्रिय युवा परिषद्, नेपाल नेत्रहिन संघ र राइट हेयर राइट नाउ नेपालको संयुक्त आयोजनामा अन्तरक्रिया भएको हो । अन्तरक्रियामा सहभागीले ५ वटा समूह बनाएर युवा नीतिका ५ आधारस्तम्भलाई आधार बनाई आवश्यक सुझाव प्रस्तुत गरेका थिए ।

युवा लक्षित कार्यक्रम, युवाका लागि रोजगारी, उद्यम तथा सीप विकासको क्षेत्रमा गर्नुपर्ने कामका बारेमा अन्तरक्रियामा सहभागी युवाले सुझाव पेश गरेका थिए। अन्तरक्रियाअघि राष्ट्रिय युवा परिषद्का प्रमुख नवराज निरौलाले युवा नीतिका बारेमा जानकारी गराउनुभएको थियो । वर्तमान संविधानभन्दा अघि नै २०७२ सालमा राष्ट्रिय युवा नीति जारी भएकोले कतिपय सन्दर्भलाई नीतिले समेट्न नसकेको निरौलाले बताउनुभयो। अन्तरक्रियाका क्रममा संकलित सुझावलाई युवा नीतिमा समेट्ने पनि उहाँले स्पष्ट पार्नुभयो ।

बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयअन्तर्गत सामाजिक विकास महाशाखाका प्रमुख खुबीराम अधिकारीले संघ, प्रदेश र पालिका तीनै तहमा युवा परिषद्को परिकल्पना गरिएको जानकारी दिनुहुँदै जिल्लामा संघ र प्रदेश दुवै मातहतको युवा परिषद् स्थापित हुनु अस्वभाविक भएको बताउनुभयो । प्रदेश सरकारले युवालाई ज्ञान, सीप र दक्षतायुक्त बनाउन आवश्यक कार्य गर्न बजेट विनियोजन गरेको जानकारी दिनुभयो। कार्यक्रममा नेपाल नेत्रहिन संघका कार्यक्रम अधिकृत नीर श्रेष्ठले अपाङ्गता भएका युवाको सन्दर्भमा संवेदनशील भएर काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ।

## नेताजीहरु हो...

पनि प्रश्नको स्वर सघन हुनेछ, भइरहने छ । देशप्रति जिम्मेवार भएर लेखे मात्र अक्षरहरू जिउँदा हुन्छन् । जिउँदोपन छातीमा हुन्छ र त्यहींतिर हुन्छ संवेदना ।

आजको राजनीतिमा संवेदना हराउँदै गएको छ । तपाईंको हृदयबाट हराउँदै गएको त्यो संवेदना फेरि फर्काउने हो भने संवेदनाकै फूलबारीमा आउनुस्, साहित्यमा आउनुस् नेताहरू हो, तपाईंहरूलाई अक्षर अक्षरमा स्वागत छ।

(सञ्चारकर्मी समेत रहेका डा. लम्सालका ३ महाकाव्य सहित ८ पुस्तक प्रकाशित छन्। स्रोतः अनलाईनखबर)

---

## श्री चण्डिका माध्यमिक विद्यालय

मकवानपुरगढी-२, शिखरकटेरी, मकवानपुर

**शिक्षक आवश्यकता**

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/०४ गते*

उपरोक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको च. नं. ०३, मिति २०८० श्रावण ३ गतेको अनुमति प्राप्त पदपूर्ति अनुमति पत्र र यस विद्यालय व्यवस्थापन समितिको मिति २०८० श्रावण ३ को बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह राहत अनुदान (गणित) कोटामा एक जना शिक्षक पदपूर्ति गर्नुपर्ने हुँदा ईच्छुक योग्य नेपाली नागरीकहरुबाट तपशिल बमोजिम दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

१. विज्ञापन नं. : १/०८०/०८१
२. तह : मा. वि. गणित (राहत अनुदान कोटा)
३. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
४. न्यूनतम शैक्षिक योग्यता : बि. एड. (मुल विषय गणित) वा सो सरह
५. परीक्षाको किसिम : लिखित, मौखिक, आवश्यक परेमा कक्षा अवलोकन
६. सेवा सुविधा : नेपाल सरकारको नियम अनुसार
७. दरखास्त दस्तुर : रु. २,०००/- (विद्यालयको नाममा रहेको नबिल बैंक लि. को चल्ति खाता नं. २२१०१०१७५००२८२ मा रकम जम्मा गर्नुपर्नेछ ।)
८. दरखास्त दिने अन्तिम मिति : २०८०/०४/१८ गते विद्यालय समयसम्म
९. सम्पर्क मिति : २०८०/०४/ २२ गते
१०. परीक्षा मिति : सम्पर्क मितिको दिन जानकारी गराईनेछ ।
११. आवश्यक कागजातहरु : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतितिलपी, अध्यापन अनुमती पत्रको प्रतिलिपी, शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपी, अन्य अनुभव भएमा सो को प्रमाण पत्रको प्रतिलिपी २/२ प्रति र हस्त लिखित निवेदन, रकम जम्मा गरेको भौचर १/१ प्रति

**नोट** : शिक्षक सेवा आयोगको करार शिक्षक सूचीमा परेकाहरुको हकमा योग्यताक्रमको आधारमा विज्ञापन भएको ७ (सात) दिनसम्म मात्र नियुक्त गरिनेछ। अन्यथा खुल्ला उम्मेद्वारीको लागि शिक्षा नियमावली, २०५९ संशोधन सहितको प्रक्रिया पुरा गरी पदपुर्ति गरिनेछ ।

**सम्पर्क नं. ९८५५०७०७२३ (प्र.अ.), ९८५५०७४९२५ (वि.व्य.स. अध्यक्ष)**

**कमल फुयाल**
**प्रधानाध्यापक**

---




**श्री जनजागृति माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)**

हेटौडा- १५, रातोमाटेमा

**शैक्षिक-सत्र २०८०/०८१ मा भर्ना खुल्यो**

औद्योगीक नगरी हेटौडामा एक मात्र


**अटोमोबाईल ईन्जिनियरिङ्ग**

**(CTEVT बाट अनुमति प्राप्त १८ महिने प्रि-डिप्लोमा कोर्ष)**

**विशेषताहरू :-**

- दक्ष एवं अनुभवी प्राध्यापक तथा प्रशिक्षकहरु ।
- शान्त र सिकाइमैत्री वातावरणमा शिक्षण प्रशिक्षण गरिने ।
- SEE र SLC मा सम्मिलीत भएका जोसुकैले अध्ययन गर्न पाइने ।
- पर्याप्त पुस्तकालयको व्यवस्था ।
- मल्टिमीडिया तथा इन्टरनेटको माध्यमबाट अध्ययन अध्यापन गराइने ।
- पर्याप्त विषयगत प्रयोगात्मक प्रयोगशालाको व्यवस्था ।
- गरिब तथा जेहेन्दार विधार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था ।
- अतिरिक्त क्रियाकलापको व्यवस्था ।
- विषयगत औद्योगिक भ्रमणको व्यवस्था ।
- दीक्षित प्रशिक्षार्थीहरूको रोजगारीका लागि नेपालका प्रतिष्ठित अटोमोबाईल कम्पनी तथा औद्योगिक प्रतिष्ठानहरूसाग सम्पर्क र समन्वय गरिने ।
- लोक सेवा परीक्षाको लागि मान्य हुने Automobile Engineering को उच्च शिक्षाको लागि मान्य हुने र वैदेशिक रोजगारीको लागि समेत मान्य हुने ।

भर्ना फारम बितरण भइरहेकोले इच्छुक विधार्थीहरुले विधालयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।




**सम्पर्क :**
९८४५०३०८७६ (प्राचार्य),
९८४१२०८९१९ (वि.व्य.स.अध्यक्ष),
९८६५२१००१६ (तालिम सयोजक),
९८४५२९७६२६ (कार्यक्रम सयोजक),
९८४६६९५७३१ (प्रशिक्षक),
९८४५४६३११० (सुचना अधिकारी),
०५७-४१२६१९ (विद्यालय)


---


## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

**QRL (Qualified Reference Lab)**

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि


---


**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

सिद्धार्थ माध्यमिक विद्यालय हेटौँडा-२ मा शैक्षिक सत्र २०८०/०८१ को लागि कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।

**अध्यापन हुने विषय/समूहहरू**

- विज्ञान (कम्प्यूटर विज्ञान सहित),
- कानून,
- वाणिज्य (कम्प्यूटर विज्ञान सहित)
- शिक्षा (ऐ. अङ्ग्रेजी, ऐ. गणित, ऐ. नेपाली, ऐ. स्वास्थ्य र शारीरिक शिक्षा सहित)

धमाधम नयाँ भर्ना लिइँदैछ । सीट सिमित भएकोले समयमै भर्ना भई आफ्नो सीट सुरक्षित राख्न सम्बन्धित अभिभावक तथा विद्यार्थी वर्गमा सूचित गरिन्छ ।

साथै (CTEVT अन्तर्गत) वनविज्ञान ३ वर्षे डिप्लोमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले यही श्रावण ११ गतेभित्र आवेदन फाराम बुझाईसक्न जानकारी गराईन्छ ।

**कक्षा ११ को कक्षा सञ्चालन यही श्रावण १० गते बिहान ६:०० बजेबाट हुनेछ ।**

**प्रधानाध्यापक**
**सिद्धार्थ माध्यमिक विद्यालय, हेटौँडा-२, मकवानपुर**
**सम्पर्क नम्बरहरू: ०५७-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७**


---

## भूटनदेवी मावि (प्राविधिक शिक्षालय)

हेटौँडा-४,मकवानपुर

**सूची दर्ता गर्ने सम्बन्धी सूचना**

*(प्रथम पटक सुचना प्रकाशित मितिः २०८०/०४/०४ गते)*

सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद २ को नियम ९ र नियमावली २०६४ को नियम १८ मा व्यवस्था भए अनुसार आ.व. २०८०/२०८१ का लागि यस विद्यालयको वार्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक खरिद विधि अवलम्बन गर्न तपशिल बमोजिमका सामान तथा सेवाहरु आपूर्ति/प्रवाह गर्ने आपूर्तिकर्ता/ फर्म/कम्पनी/सप्लायर्स/उद्योग/सेवा प्रदायकको मौजुदा सूची (स्टाण्डीङ लिस्ट) तयार गर्नुपर्ने भएकोले इच्छुक सम्बन्धित आपूर्तिकर्ता/फर्म/कम्पनी/सप्लायर्स/उद्योग/सेवा प्रदायकहरुले आफ्नो फर्म/कम्पनी/संस्था/उद्योगहरुको दर्ता वा ईजाजतपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, २०७८/२०७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु र आफूले गर्ने कामको विवरणको निवेदनसहित सूची दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलहरूः**

**(क) सामान आपूर्तितर्फ**

१) कार्यालय सामान, स्टेशनरी तथा मसलन्द ।
२) छपाई सम्बन्धी (प्रेस सम्बन्धी कार्य) ।
३) कम्प्युटर, प्रिन्टर, फ्याक्स, फोटोकपी, स्क्यानर, युपीएस, कार्टेज, नोर लगायत नेटवर्किङ, स्विचिङका इलेक्ट्रोनिक्स सामान ।
४) सौर्य उर्जा सम्बन्धी सामान ।
५) काठ तथा मेटलका फर्निचर तथा फर्निसिङ ।
६) इन्भर्टर तथा जेनेरेटर सामान ।
७) हार्डवेयर तथा सरसफाई सम्बन्धी सामानहरु ।
८) कर्मचारीको पोशाक तथा सिलाई सम्बन्धी ।
९) साईनबोर्ड, होडिङबोर्ड, कपडा तथा फ्लेक्स व्यानर निर्माण र लेखन सम्बन्धी कार्य ।
१०) इलेक्ट्रीक सामानहरु (वाइरिङ सम्बन्धी विद्युतीय सामान)
११) सेनेटरी तथा प्लम्बिङका सामानहरु ।
१२) निर्माण सामग्रीहरु (पोलिथिन पाइप, जीआई पाईप) ।
१३) निर्माण सामाग्रीहरु (सिमेन्ट, गिट्टी, बालुवा, ढुंगा, ईटा) ।
१४) फूल बिरुवा तथा नर्सरीका सामानहरु ।
१५) अन्य विविध सामान आपूर्ति ।

**(ख) सेवा आपूर्तितर्फ**

१) कुरियर सेवा सम्बन्धी कार्य ।
२) विज्ञापन/सुचना सम्बन्धी कार्यहरु ।
३) परामर्श तथा सेवा प्रदायक (इन्जिनियरिङ डिजाइन, घर नक्सा डिजाइन तथा सुपरभिजन र अन्य परामर्श सेवा प्रदायक) ।
४) फर्निचर मर्मत सेवा ।
५) अध्ययन अनुसन्धान सम्बन्धी परामर्श सेवा ।
६) श्रव्य दृष्य सामग्री निर्माण ।
७) इन्टरनेट र वेभसाइट/सफ्टवेयर डिजाईन निर्माण तथा मर्मत सेवा ।
८) इलेक्ट्रोनिक सामान मर्मत सेवा ।
९) अन्य विविध मर्मत सेवा ।

**नोट:-** सूचीकृतका लागि निवेदन, दर्ता प्रमाणपत्र र आर्थिक वर्ष २०७८/७९ को करचुक्ता प्रमाणपत्र सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र विद्यालय प्रशासनमा बुझाउन सकिनेछ ।

अन्य जानकारीका लागि फोन नं. ०५७-५२०४२० मा सम्पर्क राख्नु होला ।

---

## श्री लक्ष्मी आधारभुत विद्यालय

हेटौँडा-५, मकवानपुर

**शिक्षक आवश्यकता**

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/०४ गते*

शिक्ष विकास तथा समन्वय इकाइ मकवनपुरको च.नं. ०२ मिति २०८०।०४/०३ को शिक्षक पदपूर्ती अनुमती पत्र प्राप्त भई मिति २०८०/०४/०३ गते बसेको वि.व्य.स.को बैठकको निर्णय अनुसार यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपशिल बमोजिमको खुल्ला उम्मेद्वारीको लागी दरखास्त आव्हानको सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. विज्ञापन नः ०२।२०/२०८००८१
२. पदः शिक्षक, राहत अनुदान
३. तहः निमावि
४. आवश्यक पद संख्याः २
५ विषयः गणित- १/नेपाली-१
६.न्युनतम शैक्षिक योग्यताः मान्यता प्रप्त शैक्षिक संस्थाबाट सम्बन्धित मूल विषय लिई १० जोड २ वा सो सरह उत्तीर्ण गरेको ।
७. दरखास्त दस्तुरः रु. १,५००/-
८. उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
९. सेवा सुविधाः नेपाल सरकारको नियम अनुसार
१०. विशेष ग्राह्यताः माथिल्लो योग्यता र कम्प्यूटरमा दख्खल ।
११. दरखास्त दिने अन्तिम मितिः २०८०/०४/१८ गते विद्यालय समय भित्र ।
१२ सम्पर्क मितिः २०८०/०४/०९
१३ परीक्षा मितिः सम्पर्क मितिमा तोकिने छ ।
१४. परीक्षाको किसिमः लिखित, मौखिक तथा आवश्यक परे प्रयोगात्मक समेत ।
१५. आवश्यक कागजातः नेपाली नागरीकता, शैक्षिक योग्यताको प्रमाणपत्र तथा स्थायी अध्यापन अनुमती पत्रका प्रतिलिपिहरु तथा हस्तलिखित निवेदन ।
१६. करार सूचिमा रहनुभएकाहरुको लागी नियमानुसार हुनेछ ।

सम्पर्कः ९८५५०७२०२० प्र.अ., ९८५५०८८२१० वि.व्य.स. अध्यक्ष

**प्रधानाध्यापक**

---


**भर्ना खुल्यो! भर्ना खुल्यो !**

**3 YEARS**
**H.A., LAB TECHNICIAN, PHYSIOTHERAPY, RADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८०/०८१ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरु**

- उत्कृष्ट एवं अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा

**स्वीकृत सिट संख्या**

Health Assistant – 80 सिट
Lab Technician – 30 सिट
Radiography – 30 सिट
Physiotherapy – 80 सिट

**फारम शुल्क रु १५००/-**

- फारम वितरण मितिः २०८०/०३/२९ गते शुक्रवार देखि
- फारम बुझाउने अन्तिम मितिः २०८०।०४।१२ गते शुक्रवार बेलुका ४:३० सम्म
- प्रवेश परिक्षा सञ्चालन हुने मिति : २०८०।०४।२४गते विहान ८:०० बजे

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-४ भैरव रोड, सम्पर्कः ०५७-५२१८५२


---


**स्वादिष्ट नेवारी खाजा**



अब
**होटल बासुकला (फास्टफुड) मा**

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

## ओसीएमसीको वार्षिक समीक्षा

# हिंसाका घटनामा ३२३ प्रभावित

समाज संवाददाता

हेटौँडाः हेटौँडा अस्पतालमा रहेको अस्पतालमा आधारित लैंगिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको बुधबार वार्षिक समिक्षा बैठक भएको छ । मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाइको अध्यक्षतामा भएको कार्यक्रममा आर्थिक वर्ष २०७९/०८० को वार्षिक समिक्षा गर्नुका साथै नयाँ आर्थिक वर्ष २०८०/०८१ को अनुमानित बजेट बाँडफाँड सम्बन्धमा छलफल भएको थियो । कार्यक्रममा अस्पतालकी स्टाफ नर्स पुजा ओझाले विवरण प्रस्तुत गर्नुभयो । लैङ्गिक हिंसापीडित १२ जना महिलालाई पुनर्स्थापना गर्नुका साथै जीविकोपार्जनका लागि राहत सहयोग गरिएको ओझाले जानकारी दिनुभयो । पुनर्स्थापना तथा जीविकोपार्जनका लागि ३ जनाले सिलाई कटाई, २ जनालाई स्कुल ड्रेस र सामग्री, २ जनाले घुम्ती पसल सामग्री, २ जनाले ठेला पसल र ३ जनाले बाख्रापालन व्यवसाय सुरु गरेका छन् ।

स्वास्थ्यकर्मी र कर्मचारीका लागि १ दिने अभिमुखीकरण कार्यक्रम गरिएको छ । ३ सय २३ जना प्रभावितलाई केन्द्रबाट सेवा प्रदान गरिएको छ । ३ जना प्रभावितलाई अन्य अस्पतालमा रिफर गरी उपचार सेवा प्रदान गरिएको ओझाले जानकारी दिनुभयो । २१ जनालाई अस्पतालमा भर्ना गरी उपचार सेवा प्रदान गरिएको छ ।

हिंसाका घटनामा २४ जना पुरुष, २ सय ९५ जना महिला पीडित भएका छन् भने अन्यमा ४ जना पीडित भएका छन् । घरेलु हिंसामा ४४ जना, शरीरिक हिंसामा ९७ जना, यौनजन्य हिंसामा ९६ जना र मानसिक तनाव वा यातनामा १ सय १० पीडित भएका छन् । यौनजन्य हिंसामा धेरै १५ देखि ४९ उमेर भित्रका परेका छन् । जस्मा १४ वर्षसम्मका ३६ रहेका छन् भने १५ देखि ४९ उमेर भित्रमा ६० जना यौनजन्य हिंसामा परेका ओझाले बताउनुभयो ।

हिंसामा दलित ४२, जनजाति १ सय ८९, मधेसी ८, मुस्लिम ६, ब्राम्हण ७१ र अन्यमा ७ जना परेका छन् । क्षेत्रगत हिंसामा गाँउपालिकामा १ सय २९, थाहा नगरपालिका र हेटौंडा उपमहानगर पालिकाका १ सय ६८ र अन्य जिल्लामा २६ जना रहेका छन् । हेटौँडा उपमहानगर पालिकामा १ सय ५५, थाहा नगर पालिकामा १३, ईन्द्रसरोवर गाँउपालिकामा १, कैलाश गाउँपालिकामा १३, मकवानपुर गढी गाउँपालिकामा १३, बकैया गाउँपालिकामा २८, मनहरी गाउँपालिकामा २५, भिमफेदी गाँउपालिकामा ११, राक्सिराङ्ग गाउँपालिकामा २२, बागमती गाँउपालिकामा १६ र अन्य जिल्लामा २६ गरी जम्मा ३ सय २३ रहेको ओझाले बताउनुभयो ।

हिंसा प्रभावित व्यक्तिहरुलाई उद्दार एवम पुनर्स्थापन सहयोग पाउन प्रभावित व्यक्तिहरुको विवरण अनुसार सामग्री रकम ५ लाख ९ हजार रुपैयाँ र यातायातखर्च २२ हजार गरी जम्मा ५ लाख ३१ हजार रहेको छ । आर्थिक वर्ष २०८०/०८१ को अनुमानित विनियोजित कार्यक्रम तथा बजेट २५ लाख रहेको छ । ओझाका अनुसार फरेन्सिक विशेषज्ञ नभएको कारण लैंङ्गिक हिंसासम्बन्धी अनुसन्धानमा चुनौति रहेको छ ।

## श्रममा संलग्न दुइ बालिका पुनः विद्यालय भर्ना

समाज संवाददाता

हेटौंडाः श्रममा संलग्न हेटौंडा-१५ का दुई बालिकालाई उद्दार गरिएको छ । हेटौँडा-१५ स्थित चुरियामाई माध्यमिक विद्यालयमा अध्ययनरत २ विद्यार्थी बिचमै पढाइ छाडेर श्रम संलग्न भएको अवस्थामा उद्दार गरिएको हो । चितवन जिल्लाको सौराहामा रहेको एक घरमा घरेलु कामदारको रुपमा काम गरिरहेको अवस्थामा बालिकालाई उद्दार गरिएको हो ।

३ वर्षदेखि पढाइ छाडेर बसेका बालिकाहरु २ वर्षदेखि श्रम गरिरहेको पाइएको छ । १३ वर्षीय र १५ वर्षीय बालिकालाई गत असार २६ गते श्रम गरिरहेको अवस्थामा उद्दार गरिएको विद्यालयका शिक्षक केशवप्रसाद खतिवडाले जानकारी दिनुभयो । उद्दार गरिएका ती श्रमिक बालिकालाई जनप्रतिनिधि, शिक्षक, बालमैत्री वडासहजकर्ता र संघ संस्थाको पहलमा पुनः विद्यालय जाने वातावरण निर्माण गरिएको उहाँले बताउनुभयो । कक्षा-१२ सम्म निशुल्क पढ्न पाउने गरी ती दुइ बालिका असार ३१ गते विद्यालय भर्ना भएका छन् । ती बालिका मंगलबार देखि सुरु भएको प्रथम त्रैमासिक परीक्षामा सहभागी समेत भई कक्षा-६ को परीक्षा दिइरहेका छन् । उनीहरुले कक्षा-४ अध्ययन गर्दै गर्दा पढाइ छाडेका थिए ।

## लागुऔषधसहित अन्सारी पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५ रातोमाटे चेकपोष्टबाट प्रहरीले लागुऔषध नाईट्रोभेटसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा चितवन जिल्लाको रत्ननगर नगरपालिका-२, बुद्धटोलका २२ वर्षीय साकिर अन्सारी रहेको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

मंगलबार दिउँसो ४ बजेको समयमा बीरगन्जबाट हेटौंडातर्फ आउँदै गरेको बा ५ ख ६५७२ नम्बरको यात्रुबाहक माईक्रोलाई शंका लागी सुरक्षा जाँच गर्दा माईक्रोमा सवार अन्सारीको साथबाट लागुऔषध नाईट्रोभेट-२ फाईल ३० वटा ट्याब्लेट फेला पारेको प्रहरीले जनाएको छ । लागुऔषध नाईट्रोभेटसहित अन्सारीलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## खोलामा डुबेर पौडेलको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवन जिल्लाको कालिका नगरपालिका-९ सिन्ती झरनामा पौडी खेल्ने क्रममा खोलामा डुबेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा कालिका नगरपालिका-७, लाहुरेचोकका ३३ वर्षीय नारायण पौडेल रहेको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

पौडेल मंगलबार दुइ जना साथीहरुसँग पौडी खेल्न गएका थिए । पौडेल माथि झरनामा पौडी खेलिरहेका थिए । पौडेल माथिबाट तल नआएपछि साथीहरुले खोजतलास गर्दा पानीमा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । पौडेलको शव मुचुल्का पश्चात पोष्टमार्टमका लागि जिल्ला सरकारी अस्पताल भरतपुर लगिएको प्रहरीले जनाएको छ ।

## २५ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौँडाः हेटौँडाको बुद्धचोकमा भएको रक्तदान कार्यक्रमा २५ जनाले रक्तदान गरेका छन् । मारवाडी युवा मञ्च हेटौँडाले आयोजना गरेको रक्तदान कार्यक्रममा २५ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र हेटौँडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

बुधबार भएको कार्यक्रममा ३ जना महिला र २२ जना पुरुषले रक्तदान गरेका हुन् । मारवाडी एसोसिएसन हेटौँडाका अध्यक्ष राजेन्द्र कुमार तायलको प्रमुख आतिथ्य तथा अध्यक्ष सशांक राज चनानीको अध्यक्षता र मारवाडी महिला मञ्चकी अध्यक्ष सुनिता शर्माको उपस्थिति कार्यक्रम भएको सम्पन्न भएको सापकोटाले जानकारी दिनुभयो । अहिले ओ पोजेटिभ रगतको अभाव रहेको रक्तसञ्चार केन्द्र हेटौँडाले जनाएको छ ।

## प्रथम समाज कल्याण कप फुटबलः

# उद्घाटन खेलमा आयोजक विजयी

समाज संवाददाता

हेटौँडाः समाज कल्याण क्लबको आयोजनामा बुधबारबाट हेटौँडा-१४, मयूर धापस्थित कालापानी खेलमैदानमा समाज कल्याण कप फुटबल प्रतियोगिता सुरु भएको छ । प्रतियोगिताको उद्घाटन खेलमा आयोजक टिम एफसी समाज कल्याणले विजयी सुरुवात गरेको छ ।

उद्‌टन खेलमा समाज कल्याण क्लबले एफसी हिमचुलीलाई १-० गोलले पराजित गर्दै विजयी सुरुवात गरेको हो । समाज कल्याणको तर्फबाट माइसन थोकरले दोस्रो हाफको ४२ औं मिनेटमा गोल गर्दै टिमलाई विजयी गराएका थिए । माइसन थोकरले गरेको गोल निर्णायक गोल भयो ।

उद्घाटन खेलको म्यान अफ द म्याच सोहन गोले घोषित भए । वडा नम्बर १४ का वडा अध्यक्ष दीपक खड्काको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन भएको थियो । बिहीबार पहिलो खेल २ बजे एफसी सप्तरङ्गी र वाइल्ड टाइगर एफसीबीच हुनेछ भने दोस्रो खेल ४ बजे युफी युनाइटेड र नमो बुद्ध एफसीबीच हुनेछ ।

प्रतियोगितामा १६ वडा टिमको सहभागिता रहेको छ । प्रतियोगितामा विजयी टिमलाई ३० हजार रुपैयाँ र उप-विजेतालाई १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने खेल आयोजक तथा हेटौँडा उपमहानगर पालिका वडा-१४ का बाल सञ्जाल अध्यक्ष आरिस ढकालले जानकारी दिनुभयो । प्रतियोगिता आयोजनाका लागि १ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको ढकालले बताउनुभयो ।

## गाँजाको विकल्पमा कफीको बिरुवा रोपियो

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकामा प्रहरीले गाँजाको विकल्पमा कफीको बिरुवाहरु रोपेको छ । बुधबार राक्सिराङ-५ स्थित ठाडेचुरेमा मास्के मल्टीपर्पोज एग्रिकल्चर एण्ड रिसर्च प्रालि चितवनसँगको सहकार्यमा समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत् कफीको बिरुवा रोपिएको हो । बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाका प्रमुख प्रहरी नायव महानिरीक्षक किरण राणा र जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीको उपस्थितिमा करिब ४ हजार कफीका बिरुवा रोपिएको छ । सो अवसरमा थप १५ हजार कफीका बिरुवा गाउँपालिका अध्यक्ष राजकुमार मल्ललाई हस्तास्तरण गरिएको छ । मास्के मल्टीपर्पोज एग्रिकल्चर एण्ड रिसर्च प्रालिका प्रमुख धनबहादुर श्रेष्ठले आगामी आर्थिक वर्ष पालिकालाई ५ लाख कफीका बिरुवाहरु हस्तान्तरण गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

## मोटरसाइकल दुर्घटनामा दुई जना घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिका-६, जुरीखेतस्थित भीमफेदी-कुलेखानी सडकखण्डमा मोटरसाइकल दुर्घटना हुँदा दुई जना घाइते भएका छन् । बुधबार दिउँसो १ बजेर ४५ मिनेटको समयमा उक्त सडकखण्डमा काठमाडौंबाट वीरगञ्जतर्फ आइरहेको बा ४९ प १४१७ नम्बरको मोटर साइकल आफैं अनियन्त्रित भएर दुर्घटना हुँदा दुई जना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

घाइते हुनेमा मोटरसाइकल चालक पर्साको जिराभवानी गाउँपालिका-२ का २४ वर्षीय उमेश दास थारु र मोटर साइकलमा सवार उनका २१ वर्षीया श्रीमती पूजाकुमारी थारु रहेको प्रहरीले जनाएको छ । दुर्घटनाबाट चालक थारुको हातमा सामान्य चोट लागेको र श्रीमतीको शरीरको विभिन्न भागमा चोट लागेको र स्वास्थ्य अवस्था मध्यम रहेको जनाइएको छ । घाइते दुबै जनालाई भीमफेदी स्वास्थ्य चौकीमा सामान्य उपचारपछि थप उपचार का लागि हेटौंडा अस्पतालमा ल्याइएको प्रहरीले जनाएको छ ।

## मनहरीमा आजदेखि वडाध्यक्ष कप फुटबल

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा आज बिहीबारदेखि '९ ए' साइड वडाध्यक्ष कप फुटबल प्रतियोगिता सुरु हुँदैछछ । गाउँपालिकाको ९ नम्बर वडास्थित रजैयाको केदारेश्वर युवा क्लबको आयोजनामा प्रतियोगिता हुने भएको हो ।

प्रतियोगितामा गाउँपालिकाभित्रका खेलाडीहरुमात्र सहभागी हुन पाउने आयोजक क्लबको उपाध्यक्ष गोकुल मैनालीले जानकारी दिनुभयो । खेलाडीहरुमा मित्रताको सम्बन्ध कायम गर्दै गाउँपालिकाभित्र फुटबल खेलको विकास गर्नका लागि वडाध्यक्ष कप फुटबल प्रतियोगिता आयोजना गर्न लागेको उहाँले बताउनुभयो ।

गाउँपालिकाभित्रको विभिन्न संघसंस्थाहरुको सहयोगमा हुन लागेको प्रतियोगितामा करिब ५ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । प्रतियोगिताको विजेता टिमले नगद ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गर्ने जनाइएको छ । प्रतियोगिताको विधागत उत्कृष्ट खेलाडीहरुलाई पनि पुरस्कृत गरिनेछ ।

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

तपाई र तपाईको बालबालिकाको सपना पूरा हुने एक मात्र ठाउँ हाम्रो हेटौँडामा दक्ष, अनुभवी एवम् ख्याति प्राप्त Selected शिक्षकहरुको समूहद्वारा सञ्चालित शहरको गौरव Bhutandevi Secondary School (Technical School) मा शैक्षिक सत्र ०८०/०८१ का लागि विशेष Scholarship मा Science, Management (English/Nepali Medium), 3 years Diploma in Civil Engineering र Civil Engineering (9-12) मा धमाधम भर्ना र कक्षा संचालन भइरहेको छ । तसर्थ समयमै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस् ।

हाम्रा विशेषताहरू

१. शैक्षिक सत्र ०७८/०७९ मा Civil Engineering धार तर्फ कक्षा-१२ मा नेपाल प्रथम हुन सफल ।
२. दक्ष तथा अनुभवी शिक्षकद्वारा अध्यापन गराईने ।
३. अत्याधुनिक Computer/Science र Civil Engineering Lab को व्यवस्था भएको ।
४. Multimedia को प्रयोग गरी कक्षा संचालन गरिने ।
५. उपयुक्त भौतिक पूर्वाधार सहितको प्रविधिमैत्री कक्षाकोठा तथा पर्याप्त खेलमैदान भएको ।
६. विद्यार्थीहरुको नियमित मूल्याङ्कन, Motivational & Counseling को व्यवस्था ।
७. "सबैको लागि शिक्षा, निशुल्क शिक्षा" को मर्म अनुसार विशेष Scholarship को व्यवस्था गरिएको ।
८. समय समयमा विषयगत रुपमा क्षेत्रगत भ्रमण एवम् शैक्षिक अध्ययन अवलोकन भ्रमण समेत गर्ने गरेको ।

| | |
|---|---|
| GPA-3.6 to 4 | Full Scholarship. |
| GPA-3.2 to 3.6 | Admission free plus 50% discount in monthly fee. |
| GPA-2.4 to 3.2 | 50% discount in monthly fee. |
| GPA-1.6 to 2.4 | 25% discount in monthly fee. |

भुटनदेवी मावि (प्राविधिक शिक्षालय)

सम्पर्कका लागिः ०५७-५२०४२०, ९८६२१४५७५६, ९८४५६१८१७१, ९८४१८८२४१३, ९८५५०४१०६१, ९८४५२८६८३०, ९८५५०७१६०७

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

सर्वोत्कृष्ट नतिजा सहित विभिन्न बोर्डहरुको परीक्षामा नेपाल प्रथम हुन सफल यस मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो ।



कक्षा ११ मा अध्यापन हुने विषयहरुः
→ Science
→ Management
→ Education
→ Humanities



हाम्रा विशेषताहरुः
दक्ष विषय विज्ञहरुद्धारा अध्यापन गराइने ।
सुविधा सम्पन्न कक्षा कोठाहरुमा Multimedia तथा Projector को माध्यमबाट पठनपाठन गराइने ।
सम्पूर्ण पूर्वाधारहरुले सम्पन्न ।
वार्षिक परीक्षाहरुमा देशमै उत्कृष्ट नतिजा हासिल गर्न सफल ।
आधुनिक विषयगत ल्यावहरु, शैक्षिक सामग्री ल्यावहरुको व्यवस्था भएको ।

Admission Open in Class-XI

सम्पर्कः
मकवानपुर बहुमुखी क्याम्पस
हेटौंडा-२, मकवानपुर
फोन नं.: ०५७-५२०६२०
https://mmchetauda.edu.np/

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ